# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६१) काठमाडौं, जेठ ९ गते २०६८ साल (संख्या ६


## भाग ५

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा(२)ले दिएको अधिकार प्रयोग गरी पूर्व अर्थ राज्यमन्त्री ल्हारक्याल लामाले विभिन्न नाममा एक भन्दा बढी नागरिकता र अन्य मुलुकको समेत राहदानी लिएको भन्ने सम्बन्धमा जाँचबुझ गरी सिफारिस सहितको प्रतिवेदन पेश गर्ने देहाय बमोजिमको जाँचबुझ आयोग (यस पछि "आयोग" भनिएको) गठन गरी उक्त आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि देहाय बमोजिम तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

१ आयोगको गठनः आयोगको गठन देहाय बमोजिम हुनेछ:-

(क) श्री भोलाप्रसाद खरेल, पूर्व न्यायाधीश,
पुनरावेदन अदालत- -अध्यक्ष

(ख) श्री पशुपति उपाध्याय, प्रहरी वरिष्ठ उपरिक्षक,
प्रहरी प्रधान कार्यालय -सदस्य

(ग) श्री रमेश शर्मा पौडेल, उप-न्यायाधिवक्ता,
महान्यायाधिवक्ताको कार्यालय, -सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२. आयोगको काम, कर्तव्य र अधिकारः पूर्व अर्थ राज्यमन्त्री ल्हारक्याल लामाले विभिन्न नाममा एक भन्दा बढी नागरिकता र अन्य मुलुकको समेत राहदानी लिएको भन्ने सम्बन्धमा जाँचबुझ गरी सत्यतथ्य पत्ता लगाई सिफारिस सहितको प्रतिवेदन पेश गर्नु आयोगको काम, कर्तव्य र अधिकार हुनेछ ।

३. आयोगको कार्यावधि: आयोगको कार्यावधि काम शुरू गरेको मितिले तीस दिनको हुनेछ ।

आज्ञाले,
डा. गोविन्दप्रसाद कुसुम
नेपाल सरकारको सचिव

नेपाल सरकार

## भौतिक योजना तथा निर्माण मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा १२ को उपदफा १२.१.२ बमोजिम चितवन जिल्लाको साविक पञ्चकन्या गाउँ विकास समितिको वडा नं. ५ (ख) को हाल रत्ननगर नगरपालिका वडा नं. ८ स्थित बगैंचे टोल क्षेत्रमा रहेका तपसिलका चारकिल्ला भित्रको विभिन्न कित्ता जग्गाहरूलाई एकीकरण गरी सो जग्गामा नगर योजना अनुरुप सेवा सुविधाको व्यवस्था गर्ने र त्यस्तो सेवा सुविधाको व्यवस्था गर्दा लागेको खर्च विकसित घडेरीहरु बिक्री गरी असुल गर्ने तथा बांकी विकसित घडेरीहरु साविकका जग्गाधनी वा मोहीहरुलाई समानुपातिक आधारमा फिर्ता दिने गरी "बगैंचेटोल पर्सौनी जग्गा एकीकरण (लायण्ड पुलिङ्ग) कार्यक्रम" सञ्चालन गर्ने योजना नेपाल सरकारबाट मिति २०६८।१।१२ मा स्वीकृत भएकोले सोही ऐनको दफा ३ को उपदफा ३.३ को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

पूर्व: बुढीकुलो सुब्बा थोल र देवौली खोलाको मुहान ।
पश्चिम: कालिका मार्गको चोकबाट जयमंगला जाने बाटो, पूर्णबहादुर बस्नेतको घर अगाडीको चोकबाट ग्राभेलबाटो हुँदै डाँडागाउँ मानबहादुर घिमिरेको घर अगाडिको चोक ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्तर: मानवहादुर घिमिरेको घर अगाडीको चोकदेखि बुढीकुलो भत्केको पुल ।

दक्षिण: कालिकामार्ग चोकदेखि बगैंचे चोक, राधा रायमाझीको घर अगाडीको बाटो हुँदै विवा परियारको जग्गालाई पूर्व बनाउदै देवौली जाने माथिल्लो कुलो हुँदै सुब्बाघोल र बुढीकुलो जोडिएको ठाउँ ।

आज्ञाले,
पूर्ण कडरिया
नेपाल सरकारको सचिव

## नेपाल सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले निजामती सेवा नियमावली, २०५० को नियम १२७ को उपनियम (४) ले दिएको अधिकार प्रयोग गरी सोही नियमको उपनियम (१) बमोजिम सम्बद्धता निर्धारण समितिद्वारा बढुवा प्रयोजनको लागि निजामती कर्मचारीले हासिल गरेका देहायका शैक्षिक संस्थाका शैक्षिक उपाधिलाई नेपाल इन्जिनियरीङ्ग सेवा, सर्भे समूहसंग सम्बद्धता गर्ने निर्णय भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### तपसिल

| सि.नं. | शिक्षण संस्था | शैक्षिक उपाधि |
|---|---|---|
| १. | **University of Twente, ITC The Neitherlands** | **Master of Science Degree in Geoinformation Science and Earth observation: Land Administration** |
| २. | **Sikkim Manipal University of Health, Medical and Techonological Sciences India** | **Master of Science Geoinformation (M.sc.GI)** |



४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।